क्व्होलासोथार गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०२ संख्याः ०३ मितिः२०७५/०५/०८

## भाग-२

## क्व्होलासोंथार गाउँपालिका

### क्व्होलासोथार गाउँपालिका प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति मापदण्ड, २०७५

नेपालको संविधानको मौलिक हक अर्न्तगतको धारा १८, ३१ र ४० तथा क्व्होलासोथार गाउपालिका शिक्षा ऐन, २०७५ को दफा १०६ का आधारमा क्व्होलासोथार गाउँपालिका लमजुङ को मिति २०७५।०५।०८ गतेको कार्यपालिका वैठकले क्व्होलासोथार गाउँपालिका प्राविधिक शिक्षा अध्ययन छात्रवृत्ति मापदण्ड २०७५ पारित गरेको छ।

मापदण्डको उद्देश्य :

● प्राविधिक शिक्षा अध्ययन गर्न योग्य, जेहेन्दार एवं आर्थिक तथा अन्य कारणले प्राविधिक शिक्षाको पहुँच वाहिर रहेका जनजाति, दलित एवं क्व्होलासोथार गाउँपालिकाको अल्पसंख्यक जाति का सामुदायिक विद्यालयवाट एस.एल.सी वा एस.ई.ई पास गरेका ९ जना विद्यार्थिहरुलाई रोजगारमूलक १५/१८ महिने प्राविधिक शिक्षा तथा २ जनालाई ३ वर्षे प्राविधिक शिक्षा अध्यापन गराउने ।

छनौटका आधारहरु :

- १५/१८ महिने प्राविधिक शिक्षा अध्ययन गर्ने विद्यार्थिहरु छनौट गर्ने अधिकार सम्वन्धित वडा समितिलाइ हुनेछ।

- ३ वर्षे डिप्लोमा अध्ययन गर्ने विद्यार्थिहरुको छनौट निम्नानुसार हुनेछ :

छात्रवृत्ति छनौट समिति :

संयोजक - गाउँपालिका अध्यक्ष

सदस्य - सामाजिक विकास समिति संयोजक

सदस्य सचिव - प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको शिक्षा अधिकृत वा अन्य अधिकृत

छनौटका प्राथमिकताका आधारहरु :

१) क्व्होलासोथार गाउँपालिकाको सामुदायिक विद्यालयवाट एस.एल.सि. वा एस.ई.ई. उत्तिर्ण गरेका विद्यार्थिलाइ पहिलो

प्राथमिकता हुनेछ । त्यसपछि क्व्होलासोथार गाउँपालिका वाहिरका सामुदायिक विद्यालयवाट उत्तिर्ण विद्यार्थिलाइ प्राथमिकता दिइनेछ।

२) संस्थागत विद्यालयवाट एस.एल.सि. वा एस.ई.ई. उत्तिर्ण विद्यार्थिहरु छात्रवृत्तिको लागि उम्मेदवार हुन पाउने छैनन ।

३) एस.एल.सि/एस.ई.ई मा उच्चतम अंक प्राप्त गर्ने विद्यार्थिलाइ पहिलो प्राथमिकता दिइनेछ ।

४) आर्थिक रुपले विपन्न विद्यार्थिलाइ उच्च प्राथमिकता दिइनेछ ।

५) छनौटको लागि मौखिक तथा आवश्यक परेको खण्डमा लिखित परीक्षामा समेत सामेल हुनुपर्नेछ ।

६) प्रत्येक विद्यार्थिलाइ ३ वर्षे प्राविधिक शिक्षा अध्ययन गर्न प्रति वर्ष रु. ३००००० को दरले रकम उपलव्ध गराइनेछ ।

७) अध्ययन गर्ने क्याम्पस र गाउँपालिकाले आपसी समझदारीमा सम्झौता पत्रमा हस्ताक्षर गरी आवश्यक प्रकिया पुरा गरिनेछ ।

आज्ञाले,

प्रमाणीकरण मिति २०७५/०५/०८

राकेश गुरुङ

प्रमुख प्रशासकीय अधिकृत